# स्थानीय राजपत्र

## पाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी

सदुरपश्चिम प्रदेश, नेपाल

---

# विज्ञापन व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८३

---

**भाग १ , खण्ड १० , संख्या ५**

**नगरसभाबाट स्वीकृत मिति : २०८३/०३/०५**

**प्रकाशन मिति : २०८३ असार २५ गते बिहिबार**

---

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

<u>विज्ञापन व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ~~विधेयक~~</u> ऐन

**<u>प्रस्तावना</u> :** वस्तु वा सेवाको प्रचार प्रसारको लागि गरिने विज्ञापन तथा तत्सम्बन्धी व्यवसाय र विज्ञापन करको सङ्कलन प्रक्रिया व्यवस्थित र नियमन गर्न वाञ्छनीय भएकोले, पाटन नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यस ऐनको नाम "पाटन नगरपालिकाको विज्ञापन (व्यवस्थापन तथा नियमन) ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u> :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आर्थिक ऐन" भन्नाले नगरपालिकाले सालबसाली रुपमा जारी गर्ने आर्थिक ऐन सम्झनु पर्छ ।

(ख) "कर" भन्नाले नगरपालिकाको आर्थिक ऐन बमोजिम लगाइने विज्ञापन कर सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले पाटन नगरपालिका सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(च) "बोर्ड" भन्नाले विज्ञापन सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम गठित विज्ञापन बोर्ड सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(ज) "विज्ञापन" भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा छापा, विद्युतीय माध्यम, अनलाइन, सामाजिक सञ्जाल, होर्डिङ्ग बोर्ड, बेलुन वा कुनै संरचना लगायतका माध्यमबाट सार्वजनिक रुपमा प्रचार प्रसार गरिएको वा प्रचार गर्ने उद्देश्यले तयार गरिएको शब्द, वाक्य, चित्र, तस्विर, संकेत, पोष्टर, पर्चा, प्रकाश, चिन्ह, संरचना वा जुनसुकै किसिमको श्रव्य, दृश्य, श्रव्यदृश्य वा मुद्रित सामग्री सम्झनु पर्छ ।

(झ) "विज्ञापन एजेन्सी" भन्नाले विज्ञापन सम्बन्धी सामग्री उत्पादन, वितरण वा विज्ञापन सम्बन्धी व्यवसाय गर्ने गरी प्रचलित कानून बमोजिम स्थापना भएका फर्म, संस्था वा कम्पनी सम्झनु पर्छ ।

(ञ) "विज्ञापनदाता" भन्नाले विज्ञापन प्रकाशन, प्रसारण गर्न वा विज्ञापन राख्न लगाउने वा विज्ञापन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७१

नगर प्रमुख

(ट) "समिति" भन्नाले दफा २५ को उपदफा (१) बमोजिमको विज्ञापन अनुगमन तथा नियमन समिति सम्झनु पर्छ ।

(ठ) "होर्डिङ्ग बोर्ड" भन्नाले विज्ञापन प्रदर्शनको लागि राखिएको वा राखिने साधन सम्झनु पर्छ र सो शब्दले डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियोन साइन, प्रोजेक्टर, स्टल डिस्प्ले वा यस्तै अन्य प्रविधि वा बाह्य विज्ञापनको साधनलाई समेत जनाउँछ ।

## परिच्छेद-२

## विज्ञापन

३. **विज्ञापन गर्न सकिने** : कसैले आफूले बिक्री वितरण गर्ने वस्तु वा सेवाको गुण वा विशेषता उल्लेख गरी त्यस्ता वस्तु वा सेवाको प्रवर्धन गर्न वा उपभोक्ता समक्ष वस्तु वा सेवाको छनोटको जानकारी पुर्‍याउन वा आफूले आयोजना गरेको कुनै कार्यक्रम वा अवसरको बारेमा जानकारी दिन वा सार्वजनिक हितको लागि कुनै विषयमा जानकारी गराउन प्रचलित कानूनको अधीनमा रही यस ऐन बमोजिम अनुमति लिई विज्ञापन गर्न वा गराउन सक्नेछ ।

४. **विज्ञापन गर्न नपाइने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा विज्ञापन गर्न पाइने छैनः-

(क) प्रचलित कानूनले उत्पादन, बिक्री वितरण, उपयोग वा प्रयोग गर्न निषेध गरेका कुनै वस्तु, पदार्थ वा सेवाको उत्पादन, बिक्री वितरण, उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्ने विषय,

(ख) जुवा खेल्न, खेलाउन वा चिठ्ठा किन्न, किनाउन प्रोत्साहन गर्ने विषय,

(ग) अश्लिल विषय वा तत्सम्बन्धी अन्य विषय, वस्तु वा सेवाको उपयोग वा प्रयोग गर्न वा प्रवर्धन गर्न प्रोत्साहन गर्ने विषय,

(घ) हतियार वा विस्फोटक पदार्थ वा नेपालको शान्ति, सुरक्षा र व्यवस्थामा खतरा उत्पन्न गर्न सक्ने अन्य यस्तै वस्तु वा पदार्थको उत्पादन, बिक्री, वितरण, उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्ने विषय,

(ङ) चिकित्सकको सिफारिसमा मात्र बिक्री गरिने औषधीहरूको विषय,

(च) नेपालमा बिक्री, वितरण वा प्रयोगको लागि प्रचलित कानून बमोजिम अनुमति लिनुपर्नेमा त्यस्तो अनुमति प्राप्त भई नसकेको वस्तु वा सेवाको विषय,

(छ) विद्यालय तथा विश्वविद्यालयको पाठ्यपुस्तक,

तर शैक्षिक जानकारी दिने विषय उल्लेख गर्न यस खण्डले बाधा पुर्‍याएको मानिने छैन ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

(ज) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय इकाइबिचको सु-सम्बन्ध, सार्वजनिक शान्ति, सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा खलल पुऱ्याउने विषय,

(झ) नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान, नेपालको निशाना छाप वा त्यसको कुनै वा सबै भाग वा राष्ट्रिय विभूतिको अवमूल्यन वा घृणा हुने विषय,

(ञ) राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा अन्धविश्वासलाई प्रोत्साहित गर्ने विषय,

(ट) धर्म, वर्ण, लिङ्ग, जात, जाति वा समुदायबिचको सुसम्बन्धमा खलल पार्ने वा आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा अपाङ्गता लगायतका कुनै पनि आधारमा विभेद हुने विषय,

(ठ) सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने विषय,

(ड) श्रमप्रति अवहेलना गर्ने, लैङ्गिक विभेद गर्ने, सांस्कृतिक सद्भाव र समुदायबिचको सम्बन्धमा खलल पुऱ्याउने विषय,

(ढ) जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभावलाई प्रश्रय पुग्ने विषय,

(ण) निर्वाचनको स्वच्छतामा प्रतिकूल असर पुऱ्याउने विषय,

(त) ट्रेडमार्क, पेटेण्ट, डिजाइन लगायतका औद्योगिक बौद्धिक सम्पत्तिको हकवालाको अनुमति वा स्वीकृति बिना त्यस्तो सम्पत्तिको प्रयोग गर्ने विषय,

(थ) स्वदेशी वा अन्य कुनै उत्पादनलाई हतोत्साहित र निरुत्साहित गर्ने विषय,

(द) भ्रम वा अफवाह फैलाउने, उत्तेजना फैलाउने, स्वदेशी उत्पादनलाई निरुत्साहित गर्ने किसिमको शब्द, दृश्य एवम् संकेतको प्रयोग गर्ने विषय,

(ध) कानून बमोजिम गोप्य राख्नुपर्ने विषय,

(न) नेपाल सरकार वा प्रदेश सरकारले विज्ञापन गर्न रोक लगाएका विषय,

(प) प्रचलित कानूनले विज्ञापन गर्न निषेध गरेका अन्य विषय ।

५. <u>विज्ञापन गरेको मानिने</u> : (१) नगरपालिका भित्र कसैले दफा ३ बमोजिम अनुमति नलिई आफूखुसी विज्ञापन राखी वा टाँसी छोडेको पाइएमा उक्त विज्ञापनमा विज्ञापन गरिएको वस्तु वा सेवाको उत्पादक वा वितरक खुलेको भएमा त्यस्तो उत्पादक वा वितरकले विज्ञापन गरेको मानिनेछ।

(२) कुनै वस्तु तथा सेवा प्रदायकले आफूले प्रदान गर्ने वस्तु तथा सेवाको थोक वा खुद्रा मूल्य खुल्ने गरी राखिएको मूल्यसूची र नगरपालिकाले तोके बमोजिमको आकारका व्यापार व्यवसाय वा कार्यालय रहेको स्थानको परिचयपाटीलाई विज्ञापन गरेको मानिने छैन।

(३) उपदफा (२) बमोजिमको परिचयपाटी नगरपालिकामा व्यवसाय दर्ता भएका व्यवसायीले नगरपालिकाले तोके बमोजिमको आकारमा एउटा मात्र राख्न पाउने छन् ।

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७१

नगर प्रमुख

६. **<u>विज्ञापन गर्न निषेधित क्षेत्र घोषणा गर्न सक्ने</u>** : (१) बोर्डले निर्धारण गरेको मापदण्डको अधीनमा रही नगरपालिकाले कुनै धार्मिक, सांस्कृतिक वा पुरातात्त्विक स्थल, शैक्षिक वा स्वास्थ्य संस्था वा त्यस्तो स्थल वा संस्थाबाट देखिने निश्चित दुरीभित्र तथा सडक सुरक्षा समेतलाई ध्यान दिई सार्वजनिक सडकको दुवै किनारादेखि कार्यपालिकाले निर्धारण गरेको दुरीसम्म सबै प्रकार वा विषयमा वा कुनै खास प्रकार वा विषयमा विज्ञापन गर्न नपाउने गरी विज्ञापन निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ। त्यसरी निषेधित क्षेत्र घोषणा गरेको सूचना नगरपालिकाको राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निषेधित क्षेत्रमा कसैले कुनै विज्ञापन राखेमा त्यस्तो व्यक्तिलाई तत्काल त्यस्तो विज्ञापन हटाउन कार्यपालिकाले निर्देशन दिनेछ।

(३) उपदफा (२) बमोजिमको निर्देशन पालना नगरेमा कार्यपालिकाले एक लाख रुपैंयासम्म जरिबाना गरी त्यस्ता विज्ञापन सामग्री समेत जफत गर्नेछ।

७. **<u>विज्ञापनको आकार, प्रकार र बनौट</u>** : (१) कुनै वस्तु वा सेवाको प्रचार प्रसार गर्ने उद्देश्यले राखिने विज्ञापनको आकार, प्रकार र बनौट बोर्डले निर्धारण गरेको मापदण्डको अधीनमा रही कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ। विज्ञापनको प्रकृति र मापन इकाई अनुसूची-१ मा उल्लेख भएबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड भन्दा फरक आकार, प्रकार र बनौटको विज्ञापन राखेको भनी समितिले निरीक्षण गरी दिएको प्रतिवेदनको आधारमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो विज्ञापनदातालाई ३००० रुपैंयासम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो विज्ञापन पन्ध्र दिनभित्र हटाउन निर्देशन दिनेछ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

## परिच्छेद-३

## होर्डिङ बोर्ड विज्ञापन अनुमतिपत्र

८. **होर्डिङ्ग बोर्डमा विज्ञापन गर्न अनुमतिपत्र लिनुपर्ने :** (१) पाटन नगरपालिकाभित्र सार्वजनिक स्थलबाट देखिने गरी कुनै पनि वस्तु, सेवा, कार्यक्रम वा अवसरको प्रचार प्रसारको लागि प्रचलित कानून र यस ऐनको अधीनमा रही विज्ञापन गर्ने प्रयोजनको लागि होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्ति वा संस्थाले कार्यपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र लिन चाहने व्यक्तिले देहायका विवरण खुलाई २०० रुपैयाँ दस्तुरसहित कार्यपालिकामा निवेदन दिनु पर्नेछः-

(क) होर्डिङ बोर्ड रहने स्थान (वडा, मार्ग, पथ, घर नं., भए सोको नम्बर (नजिकको घर नं.),

(ख) विज्ञापन रहने स्थान व्यक्तिको निजी सम्पत्ति भए सो को सहमति वा सम्झौतापत्र, विज्ञापनसम्बद्ध व्यक्ति, उत्पादक, सङ्घ, संस्था, फर्म, एजेन्सीको नाम र ठेगाना,

(ग) विज्ञापनको आकार, प्रकार, बनोट, प्रकृति र सङ्ख्या,

(घ) विज्ञापन सामग्री राख्ने अवधि,

(ङ) तत्काल विज्ञापन गर्ने वस्तु वा सेवाको प्रकृति।

(३) आफ्नो पेशा वा व्यवसाय गर्ने घर वा कार्यालयको परिसरभित्र सार्वजनिक सडक वा सार्वजनिक वा निजी घर वा जग्गामा बाधा नपर्ने वा सर्वसाधारणको सुरक्षामा असर नपर्ने गरी आफ्नो पेशा वा व्यवसायका सम्बन्धमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी बोर्डले निर्धारण गरेको आकार र प्रकारमा होर्डिङ्ग बोर्ड, सूचना वा परिचयपाटी राखी विज्ञापन गर्न चाहने व्यक्तिले उपदफा (२) बमोजिमको विवरण खुलाई कार्यपालिकामा २०० रुपैयाँ दस्तुरसहित निवेदन दिनुपर्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम अनुमतिका लागि निवेदन पर्न आएमा कार्यपालिकाले पन्ध्र दिनभित्र आवश्यक जाँचबुझ गरी अनुमति दिन मनासिब देखेमा अनुसूची-२ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनुपर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विज्ञापन गर्न अनुमतिपत्र दिइने छैनः-

(क) यस ऐन वा प्रचलित कानून विपरित हुने विज्ञापन भएमा,

(ख) सर्वसाधारणलाई आवतजावत गर्न बाधा वा असुविधा हुने भएमा,

(ग) शहर वा सम्बन्धित स्थानको प्राकृतिक सौन्दर्यमा प्रतिकूल असर पर्ने भएमा,

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७१

नगर प्रमुख

(घ) धार्मिक, सांस्कृतिक, पुरातात्त्विक, ऐतिहासिकस्थल वा विश्वसम्पदा सूचीमा सूचीकृत स्थानहरूको मौलिक संस्कृति तथा प्राकृतिक सौन्दर्यमा प्रतिकूल असर पर्ने भएमा,

(ङ) सडक पेटी तथा सार्वजनिक स्थानमा प्रतिकूल असर पर्ने भएमा,

(च) विद्युत, टेलिफोन लगायतका खम्बामा त्यस्तो बोर्ड राख्ने प्रस्ताव गरिएकोमा,

(छ) सवारी आवागमनमा असर पर्ने भएमा,

(ज) कुनै घरको झ्याल, ढोका छेकी त्यस्तो घरमा हावा र प्रकाश आउन बाधा पुग्ने भएमा,

(झ) सटर तथा भित्ते लेखनको माध्यमद्वारा गरिने विज्ञापन भएमा।

(६) यस दफा बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमतिपत्रमा उल्लिखित अवधि समाप्त भएपछि त्यस्तो होर्डिङ बोर्डबाट विज्ञापन हटाउनु पर्नेछ।

९. <u>सार्वजनिक तथा निजी सवारी साधनमा विज्ञापन गर्न अनुमति लिनुपर्ने</u> : (१) आफ्नो नगरपालिकाभित्र कार्यालय वा मुख्य कार्यालय रहेको रजिष्टर्ड कम्पनी वा फर्म तथा समितिबाट सञ्चालन भएको सार्वजनिक यातयात सेवा दिने सवारी साधन वा नगरपालिकामा स्थायी बसोबास भएको व्यक्तिको नाममा रहेको सवारी साधनमा विज्ञापन गर्न चाहने व्यक्तिले त्यस्तो सवारी साधनमा विज्ञापन गर्न अनुमतिपत्र प्राप्त गर्न कार्यपालिकामा २०० दस्तुरसहित अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनउपर आवश्यक जाँचबुझ गर्दा विज्ञापन गर्न अनुमति दिन मनासिब देखिएमा कार्यपालिकाले देहायका विषयलाई समेत विचार गरी अनुसूची-४ बमोजिमको ढाँचामा अनुमतिपत्र दिन सक्नेछः-

(क) यो ऐन र प्रचलित कानून विपरीत नहुने गरी विज्ञापन गर्ने,

(ख) विज्ञापनको विषयवस्तुले सवारी साधनको पूरै सिसा ढाक्न नहुने कुराको सुनिश्चितता गर्ने,

(ग) सवारी साधनको स्वरुपमा परिवर्तन नगर्ने,

(घ) बोर्डले निर्धारण गरेका मापदण्ड तथा यो ऐनमा उल्लिखित अन्य शर्तको पालना गर्ने।

(३) सवारी साधनमा राखिएको विज्ञापनको अवधि समाप्त भएपछि वा कुनै कारणले सो अवधि अगावै सवारी धनी वा कम्पनीले त्यस्तो सवारी साधनमा रहेको विज्ञापन हटाएमा सोको जानकारी कार्यपालिकालाई दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम सवारी साधनमा विज्ञापन गर्न अनुमति दिँदा दफा ३० बमोजिमको कर लिनु पर्नेछ ।

(५) यस दफा बमोजिम सवारी साधनमा विज्ञापन गर्न अनुमति प्राप्त गरेको व्यक्तिले उपदफा (३) बमोजिम कार्यपालिकालाई जानकारी नगराएसम्मको अवधिको विज्ञापन कर तिर्नु पर्नेछ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी

(६) यस दफा बमोजिम सवारी साधनमा विज्ञापन गर्न अनुमति प्राप्त गरेको व्यक्तिले उपदफा (२) विपरीत हुने गरी विज्ञापन गरेमा त्यस्तो व्यक्तिलाई कार्यपालिकाले एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१०. **बोर्डको सूचना प्रविधि प्रणालीमा प्रविष्ट गर्नु पर्ने** : दफा ८ वा ९ बमोजिम कुनै व्यक्ति वा संस्थालाई होर्डिङ्ग बोर्ड, सूचना वा परिचयपाटी वा सवारी साधनमा विज्ञापन राख्न अनुमति दिएमा कार्यपालिकाले तीन दिनभित्र बोर्डले सञ्चालनमा ल्याएको सूचना प्रविधि प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

११. **स्काइ साइन (चङ्गा, बेलुन, प्यारासुट) बाट गरिने विज्ञापन** : (१) कसैले स्काइ साइन (चङ्गा, बेलुन, प्यारासुट) जस्ता माध्यमबाट आफ्नो वस्तु, सेवा वा कार्यक्रमको विज्ञापन गर्न चाहेमा कार्यपालिकाबाट स्वीकृति लिएर विज्ञापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृति प्रदान गर्दा आर्थिक ऐनमा उल्लेख भएबमोजिम कर लिनु पर्नेछ ।

१२. **खेलमैदान, मेला, कार्यक्रम स्थलमा गरिने विज्ञापन** : (१)

१३. नगरपालिकाभित्र खेलकुद, व्यापार-मेला, रमाइलो-मेला लगायत जुनसुकै प्रकारको मेला, महोत्सव सञ्चालन गर्दा त्यसमा गरिने सबै प्रकारको विज्ञापनको लागि आयोजकले कार्यपालिकाको पूर्वस्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृति दिँदा राखिने विज्ञापनमा आर्थिक ऐनले तोकेको दरमा एकमुष्ट कर लिएर मात्र आयोजकलाई पूर्व स्वीकृति दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम पूर्व स्वीकृति नलिई मेला महोत्सवमा विज्ञापन गरिएमा कार्यपालिकाले त्यस्तो विज्ञापन गर्न रोक लगाउनेछ र त्यसरी गरिएको विज्ञापन सामग्री जफत गर्नेछ।

१४. **प्रतिस्पर्धाका आधारमा छनोट गर्ने** : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै स्थानलाई विज्ञापन गर्ने प्रयोजनको लागि चार किल्ला सहितको क्षेत्रफल र अवधि तोकी विज्ञापनदातालाई सूचना आह्वान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको स्थानमा विज्ञापन गर्न विज्ञापनदाता छनोट गर्दा प्रतिस्पर्धाको आधारमा सबैभन्दा बढी रकम कबोल गर्ने विज्ञापनदातालाई छनौट गरिनेछ।

१५. **दुरी कायम गर्नुपर्ने** : निजी जग्गामा विज्ञापन बोर्ड राख्दा सँधियार तथा सडकमा पैदलयात्रीलाई बाधा नपर्ने गरी प्रचलित कानूनमा तोकिएबमोजिमको दुरी कायम गर्नु पर्नेछ।

१६. **पूर्व स्वीकृति लिनुपर्ने** : कुनै व्यक्ति वा संस्थाले स्थानीय तहको स्वामित्व र संरक्षणमा रहेको जग्गा वा भवनमा विज्ञापन राख्न चाहेमा कार्यपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

१७. **निजी स्वामित्वको स्थानमा राखिने विज्ञापनमा सहमति लिनुपर्ने** : कसैले निजी स्वामित्वको जग्गा वा भवनमा विज्ञापन राख्न चाहेमा सो स्थानको जग्गा वा भवनको सम्बन्धित धनीको वा निजको अधिकार प्राप्त प्रतिनिधिसँग सहमति लिनु पर्नेछ।

## परिच्छेद-३

## होर्डिङ्ग बोर्ड

१८. **होर्डिङ्ग बोर्ड दर्ता गर्नुपर्ने** : (१) यस ऐन बमोजिम होर्डिङ्ग बोर्ड राख्न वा त्यसमा विज्ञापन गर्न चाहने व्यक्ति वा संस्थाले त्यस्तो होर्डिङ्ग बोर्ड दर्ताका लागि सम्बन्धित कार्यपालिकामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी आर्थिक ऐनमा तोकिएको कर अग्रिम रुपमा असुल गरी कार्यपालिकाले अनुसूची-५ बमोजिमको ढाँचामा दर्ता गरी अनुसूची-६ बमोजिम दर्ता प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ।

(३) होर्डिङ्ग बोर्ड दर्ता प्रमाणपत्र हराएमा वा नष्ट भएमा सम्बन्धित व्यक्तिले आर्थिक ऐनमा उल्लिखित शुल्क बुझाई कार्यपालिकामा प्रतिलिपि माग गर्न सक्नेछ। त्यसरी प्रतिलिपि माग भएमा कार्यपालिकाले अभिलेख भिडाई प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक वर्षभन्दा कम अवधिको लागि राखिने होर्डिङ्ग बोर्डको हकमा छुट्टै दर्ता प्रमाणपत्रको सट्टा अनुसूची-२ बमोजिमको अनुमतिपत्र मात्र उपलब्ध गराउन सकिनेछ।

(५) यस ऐन बमोजिम होर्डिङ्ग बोर्ड दर्ता नगरी विज्ञापन गरेमा आर्थिक ऐनले तोकेको शुल्क तथा जरिबाना बुझाई पन्ध्र दिनभित्र होर्डिङ्ग बोर्ड दर्ता गर्न कार्यपालिकाले त्यस्तो होर्डिङ्ग बोर्ड राख्ने व्यक्तिलाई निर्देशन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको अवधिभित्र होर्डिङ्ग बोर्ड दर्ता नगरेमा उपदफा (५) बमोजिमको जरिबानाको दोब्बर जरिबाना बुझाई एक महिनाभित्र दर्ता गर्न कार्यपालिकाले पुनः निर्देशन दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम दिइएको थप म्यादभित्र समेत होर्डिङ्ग बोर्ड दर्ता नगरेमा कार्यपालिकाले होर्डिङ्ग बोर्ड जफत गरी उपदफा (६) बमोजिमको जरिबाना असुल उपर गर्नु पर्नेछ।

१९. **दर्ता नम्बर राख्नुपर्ने** : (१) दफा १७ बमोजिम होर्डिङ्ग बोर्ड दर्ता गरी प्रमाणपत्र प्राप्त गरेका व्यक्तिले बोर्डको माथिल्लो भागमा दायाँतर्फ दर्ता नम्बर स्पष्ट देखिने गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता नम्बर राखेको नदेखिएमा समितिले तीन दिनभित्र दर्ता नम्बर राख्न निर्देशन दिनु पर्नेछ र सो अवधिमा समेत दर्ता नम्बर नराखेमा कार्यपालिकाले त्यस्ता होर्डिङ्ग बोर्ड जफत गर्न सक्नेछ।

२०. **होर्डिङ्ग बोर्ड अद्यावधिक गर्नुपर्ने** : (१) यो ऐन प्रारम्भ हुनु भन्दाअघि नगरपालिकाभित्र राखिएका होर्डिङ्ग बोर्ड र विज्ञापन सामग्री त्यस्तो व्यक्ति वा संस्थाले यस ऐन बमोजिम अद्यावधिक गर्नुपर्नेछ।

नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७१

नगर प्रमुख

(२) उपदफा (१) बमोजिम अद्यावधिक गर्नको लागि कार्यपालिकाले नब्बे दिनको समय दिई स्थानीय राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको समयभित्र होर्डिङ्ग बोर्ड अद्यावधिक नगरेमा कार्यपालिकाले त्यस्ता होर्डिङ्ग बोर्ड जफत गर्न सक्नेछ।

२१. **होर्डिङ्ग बोर्ड नवीकरण गर्नुपर्ने** : (१) यस ऐन बमोजिम होर्डिङ्ग बोर्ड राख्न अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले त्यस्तो अनुमतिपत्र नवीकरण गर्न चाहेमा प्रत्येक वर्षको लागि आर्थिक ऐनमा तोके बमोजिमको नवीकरण दस्तुरहरू अग्रिम रुपमा बुझाई नवीकरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम नवीकरण गर्दा आर्थिक वर्ष शुरु भएको मितिले पैंतीस दिनभित्र गरिसक्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र नवीकरण गर्न नसकेमा थप साठी दिनभित्र आर्थिक ऐनमा तोके बमोजिम नवीकरण दस्तुर र जरिबाना बुझाई नवीकरण गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिमको अवधिमासमेत नवीकरण नगरेमा कार्यपालिकाले त्यस्ता होर्डिङ्ग बोर्ड हटाउन, जफत गर्न वा नष्ट गर्न सक्नेछ।

(५) यस ऐन बमोजिम नवीकरण नगरिएका होर्डिङ्ग बोर्ड हटाउन, जफत गर्न वा नष्ट गर्नुअघि कार्यपालिकाले सम्बन्धित व्यक्तिलाई पन्ध्र दिनको सूचना दिनुपर्नेछ।

२२. **होर्डिङ्ग बोर्ड राख्दा पर्याप्त सुरक्षा व्यवस्था मिलाउनु पर्ने** : (१) होर्डिङ्ग बोर्ड राख्न अनुमति पाएको व्यक्तिले कार्यपालिकाले तोकेको स्थानमा होर्डिङ्ग बोर्ड राख्दा पर्याप्त सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ।

(२) होर्डिङ्ग बोर्डको सुरक्षा व्यवस्थाको सम्बन्धमा कार्यपालिकाले निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ। त्यसरी दिएको निर्देशन पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

२३. **होर्डिङ्ग बोर्डको नामसारी, ठाउँसारी तथा दर्ता खारेजीको लागि अनुमति लिनुपर्ने** : (१) होर्डिङ्ग बोर्डको नामसारी, ठाउँसारी र दर्ता खारेजी गर्न चाहने व्यक्तिले आर्थिक ऐनमा तोकेको कर चुक्ता गरी कार्यपालिकामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा होर्डिङ्ग बोर्ड लिने दिने व्यक्तिको सम्झौतापत्र वा करारनामा तथा ठाउँसारी गर्ने घरधनी वा जग्गाधनीसँगको सम्झौतापत्र समेत अध्ययन गरी लिने दिने दुवै पक्षको रोहवरमा होर्डिङ्ग बोर्डको स्वामित्व र विवरण अद्यावधिक गरी दर्ता प्रमाणपत्रमा सो कुरा उल्लेख गरिदिनु पर्नेछ।

(३) होर्डिङ्ग बोर्ड एकपटक दर्ता गरिसकेपछि बोर्डको दर्ता खारेजी नगरेसम्म प्रचलित कानून बमोजिम लाग्ने कर तिर्ने दायित्व सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ।

(४) होर्डिङ्ग बोर्डमा विज्ञापन सामग्री नलगाएको वा प्रदर्शन नगरेको कारणले मात्र करमा कुनै छुट हुने छैन।

२४. **प्राविधिकबाट उपयुक्तताको सिफारिस** : (१) बोर्डले निर्धारण गरेको निश्चित वर्गफिट भन्दा ठूला आकारका होर्डिङ्ग बोर्ड कुनै व्यक्ति वा संस्थाको निजी घर, कौसी, छत वा जग्गामा वा

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७१

नगर प्रमुख

सार्वजनिक स्थानमा राख्नको लागि निवेदन परेमा उक्त होर्डिङ्ग बोर्ड दर्ता गर्नुअघि प्राविधिक रुपमा उपयुक्त रहे वा नरहेको सम्बन्धमा कार्यपालिकाले नेपाल इन्जिनियरिङ्ग परिषद्बाट इजाजतपत्र लिएको प्राविधिकबाट जाँच गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राविधिकबाट जाँच गराउँदा उपयुक्त देखिएको भन्ने सिफारिस प्राप्त भएमा कार्यपालिकाले होर्डिङ्ग बोर्ड दर्ता गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस गर्दा समावेश गर्नु पर्ने विवरण कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

२५. <u>**विज्ञापन सामग्री हटाउने तथा मेटाउने दायित्व**</u> : (१) कार्यपालिकाबाट लिएको अनुमति वा स्वीकृतिको समयावधि समाप्त भए पश्चात् आफूले राखेका विज्ञापन हटाउने तथा मेटाउने दायित्व सम्बन्धित विज्ञापनदाताको हुनेछ।

(२) उपदफा (१) बमोजिम विज्ञापन नहटाएमा कार्यपालिकाले सो विज्ञापन सामग्री जफत गरी आर्थिक ऐनमा तोके बमोजिम जरिबाना र त्यस्तो सामग्री हटाउन लाग्ने लागत समेत असुल गर्नेछ।

## परिच्छेद-४

## विज्ञापन अनुगमन तथा निरगमन समिति

२६. <u>**विज्ञापन अनुगमन तथा नियमन समिति**</u> : (१) नगरपालिकाभित्र रहेका विज्ञापनको अनुगमन तथा नियमन गर्न देहाय बमोजिमको विज्ञापन अनुगमन तथा नियमन समिति रहनेछः-

(क) संयोजक, स्थानीय राजस्व परामर्श समिति - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी - सदस्य

(ग) सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

(घ) राजस्व महाशाखा वा शाखा प्रमुख -सदस्य- सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२७. <u>**समितिको काम, कर्तव्य र अधिकार**</u> : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित विज्ञापनदाताले यस ऐन तथा प्रचलित कानूनले तोकेको विज्ञापनको मापदण्ड पालना गरे नगरेको सम्बन्धमा अनुगमन तथा नियमन गर्ने,

(ख) खण्ड (क) बमोजिम अनुगमन गर्दा यस ऐन तथा प्रचलित कानून विपरीत भए गरेको पाइएमा उक्त विज्ञापन संशोधन गर्न, हटाउन, बन्द गर्न वा अन्य आवश्यक कारबाहीको लागि नगरपालिकामा सिफारिस सहित प्रतिवेदन पेस गर्ने,

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७१

नगर प्रमुख

(ग) अनधिकृत रुपमा कर छली गरी विज्ञापन गरेको वा होर्डिङ्ग बोर्ड राखेको वा त्यसमा विज्ञापन गरेको पाइएमा यस ऐन बमोजिम कारबाहीको लागि नगरपालिकामा सिफारिस गर्ने।

२८. **विज्ञापन बन्द गर्न वा हटाउन आदेश दिन सक्ने** : (१) दफा २६ बमोजिम समितिले विज्ञापन बन्द गर्न वा हटाउने गरी सिफारिस गरेमा नगरपालिकाले विज्ञापनदातालाई आर्थिक ऐन तथा अन्य प्रचलित कानूनमा तोकिएको जरिबाना बुझाउन तथा पन्ध्र दिनभित्र विज्ञापन बन्द गर्न वा हटाउन आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समयभित्र जरिबाना नबुझाएमा कार्यपालिकाले उक्त विज्ञापन सामग्री जफत गरी जरिबाना असुल उपर गर्नेछ।

## परिच्छेद-५

## विज्ञापन कर

२९. **सञ्चार माध्यमले गर्ने विज्ञापनमा कर लाग्ने** : (१) प्रचलित कानून बमोजिम कार्यपालिकाबाट सञ्चालन अनुमति लिई नगरपालिकाभित्र सञ्चालनमा रहेका सञ्चार माध्यमले कुनै विज्ञापन गरिदिए बापत लिने शुल्कमा आर्थिक ऐन बमोजिम लाग्ने कर समेत समावेश गर्नु पर्नेछ र त्यस्तो करको रकम विज्ञापनदाताले सोही दिन वा त्यसको भोलिपल्ट कार्यपालिकाले तोकेको बैङ्क खातामा दाखिल गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको करको रकम सञ्चार माध्यमले विज्ञापनदातालाई उपलब्ध गराउने बिलमा उल्लेख गर्नु पर्नेछ।

(३) सञ्चार माध्यमले विज्ञापन गरेको सामग्रीमा कर असुल गरी नगरपालिकामा दाखिला गरे वा नगरेको सम्बन्धमा समितिले अनुगमन गर्न सक्नेछ र समितिले आवश्यक देखेमा विज्ञापनसँग सम्बन्धित विवरण माग गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम समितिले माग गरेको विवरण उपलब्ध गराउनु त्यस्तो सञ्चार माध्यमको कर्तव्य हुनेछ।

३०. **सार्वजनिक संरचनाको निर्माणसहित विज्ञापन गर्न प्रस्ताव पेस गर्न सक्ने** : (१) विज्ञापन गर्ने उद्देश्यले कसैले नगरपालिकाभित्र खाली सार्वजनिक वा सरकारी स्थान वा सडकको दायाँ बायाँको जग्गामा हरियाली प्रवर्धन गर्न तथा यात्रु प्रतिक्षालय, वाटिका लगायतका सार्वजनिक संरचनाको निर्माण गरी त्यस्तो स्थानमा होर्डिङ्ग बोर्ड वा विज्ञापन राख्न माग गरी प्रस्ताव पेस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्नको लागि कार्यपालिकाले समेत प्रचलित कानून बमोजिम खुल्ला प्रस्ताव आह्वान गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त प्रस्तावको आर्थिक तथा प्राविधिक पक्ष र लाभ-लागत समेतको विश्लेषण गरी उपयुक्त प्रस्ताव छनोट गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम छनोट भई विज्ञापन राख्न अनुमति प्राप्त गर्ने प्रस्तावकले उक्त स्थानमा गरिने विज्ञापन बापत आर्थिक ऐनले तोके बमोजिमको कर तिर्नु पर्नेछ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

३१. **करको दर तथा करको प्रशासन** : (१) यस ऐन बमोजिम लिइने विज्ञापन करको दर आर्थिक ऐनले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले सङ्कलन गरेको कर स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दाखिला भएको रकमको साठी प्रतिशतले हुने रकम स्थानीय सञ्चित कोषमा जम्मा गरी चालिस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(४) कर बापत सङ्कलित रकमको मासिक प्रतिवेदन प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(५) नगरपालिकाले यस दफा बमोजिम विज्ञापन कर शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउनु पर्नेछ।

३२. **होर्डिङ्ग बोर्डको कर निर्धारणका आधार** : होर्डिङ्ग बोर्डको माध्यमबाट गरिने विज्ञापनमा विज्ञापनको प्रकृति, अवधि, क्षेत्रफल, होर्डिङ्ग बोर्ड राखिने स्थान, होर्डिङ्ग बोर्डमा प्रयोग भएको आकृति तथा होर्डिङ्ग बोर्डको एकातर्फ वा दुवै तर्फ विज्ञापन गर्ने समेतलाई आधार मानी कर निर्धारण गर्नु पर्नेछ।

३३. **फरक करको दर तोक्न सक्ने** : नगरपालिकाले शहरीकरण, व्यापारिक क्षेत्र, जनघनत्व समेतको आधारमा आर्थिक ऐन बमोजिम फरक फरक करको दर निर्धारण गरी तोक्न सक्नेछ।

३४. **विज्ञापन कर नलाग्ने** : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक हित अभिवृद्धि गर्ने उद्देश्यले राखेको देहायको सूचना तथा सन्देशमूलक विज्ञापनमा कर लाग्ने छैनः-

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक निकायबाट राखिएको,

(ख) संस्थागत सार्वजनिक उत्तरदायित्व पूरा गर्न तयार गरिएका संरचना वा सामग्री वा सन्देश,

(ग) गैर-नाफामूलक संस्थाले सामाजिक चेतना अभिवृद्धि गर्ने उद्देश्यले राखेको सन्देशमूलक सामग्री।

३५. **कर सङ्कलनमा अन्य तहका सरकारको सहयोग लिन सक्ने** : विज्ञापन कर चुहावट नियन्त्रण तथा कर सङ्कलनको कार्यलाई आधुनिक सूचना प्रणालीमा आधारित बनाउन नगरपालिकाले प्रदेश सरकारसँग आवश्यक सहयोग लिन सक्नेछ।

३६. **विज्ञापनदातालाई पुरस्कृत गर्न सकिने** : नगरपालिकाले वार्षिक रुपमा यस ऐनको पूर्ण पालना गर्ने र समयमै नियमानुसार कर तिर्ने विज्ञापनदातामध्येबाट उत्कृष्ट करदाता घोषणा गरी पुरस्कृत गर्न सक्नेछ।

परिच्छेद-६

पाटन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाटन, बैतडी, सुदूरपश्चिम प्रदेश, नेपाल २०७१

नगर प्रमुख

## विविध

३७. **समन्वय तथा सहयोग लिन सक्ने** : (१) यस ऐनको कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय प्रशासन तथा प्रहरीसँग समन्वय तथा सहयोग लिन सकिनेछ।

(२) यस ऐन कार्यान्वयन गर्न आवश्यक समन्वय तथा सहयोग गर्नु स्थानीय प्रशासन तथा प्रहरीको कर्तव्य हुनेछ।

३८. **उजुरी दिन सकिने** : (१) आफ्नो टोल, बस्ती, इलाका वा समुदायमा कुनै व्यक्ति वा संस्थाले अनुमति नलिई वा निषेधित क्षेत्रमा विज्ञापन गरेको, आफ्नो निजी स्वामित्व बाहेक अर्काको घर जग्गामा सहमति नलिई विज्ञापन राखेको वा नवीकरण नगरी होर्डिङ्ग बोर्ड राखेको देखेमा जोसुकैले न्यायिक समिति समक्ष उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरी उपर छानविन गर्दा आरोप पुष्टि हुने देखिएमा न्यायिक समितिले एकलाख रुपैयाँसम्म जरिवाना गर्ने सक्नेछ।

३९. **क्षतिपूर्ति** : (१) झुट्टा र भ्रामक विज्ञापनको आधारमा वस्तु वा सेवाको उपयोग वा उपभोग गर्ने व्यक्ति वा संस्थालाई हानि नोक्सानी तथा क्षति पुगेमा सोको क्षतिपूर्ति तिर्ने दायित्व विज्ञापनदाताको हुनेछ।

(२) होर्डिङ्ग बोर्डको पर्याप्त सुरक्षाको प्रबन्ध नगरेको कारणबाट कुनै क्षति भएमा क्षतिपूर्ति तिर्ने दायित्व त्यस्तो होर्डिङ्ग बोर्ड राख्नेको हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम क्षतिपूर्ति दाबी सम्बन्धमा निवेदन पर्न आएमा न्यायिक समितिले छानबिन गरी आवश्यक कारबाहीको लागि बोर्ड समक्ष लेखी पठाउनु पर्नेछ।

४०. **जफत गरिएका विज्ञापन सामग्री लिलाम गर्ने** : (१) यस ऐन बमोजिम नगरपालिकाले जफत गरेका विज्ञापन सामग्रीहरू प्रचलित कानून बमोजिम लिलाम गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्रीबाट प्राप्त आय नगरपालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

४१. **पुनरावेदन** : यस ऐन बमोजिम न्यायिक समिति, समिति वा नगरपालिकाले गरेको निर्णयमा चित्त नबुझेमा निर्णय भएको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ।

४२. **सङ्घीय र प्रदेश कानून बमोजिम हुने** : यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय वा प्रदेश कानूनमा लेखिए जतिको हकमा सङ्घीय वा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

४३. **अधिकार प्रत्यायोजन** : यस ऐन बमोजिम नगरपालिकालाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार नगरपालिकाले समिति वा कार्यपालिकाको कार्यालयको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

४४. **<u>अनुसूचीमा थपघट तथा हेरफेर</u>** : कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

## अनुसूची-१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**नगरपालिकाले उठाउने विज्ञापन कर प्रयोजनको लागि विज्ञापनको प्रकृति र मापन एकाई**

| क्र.सं. | विज्ञापनको प्रकृति | मापन गरिने एकाई | कैफियत |
|---|---|---|---|
| १ | होर्डिङ्ग बोर्डबाट गरिने विज्ञापन<br>१. फ्लेक्स प्रिन्ट<br>२. साइनबोर्ड जस्ता/मेटल<br>३. होर्डिङ्ग बोर्ड (धातुको फ्रेम)<br>४. डिजिटल डिस्प्ले<br>५. चलदृश्य बोर्ड<br>६. एल.सी.डी. बोर्ड<br>७. लिड बोर्ड<br>८. रोलर बोर्ड<br>९. ग्लो साइन बोर्ड<br>१०. नियोन साइन बोर्ड<br>११. प्रोजेक्टर<br>१२. स्टल डिस्प्ले<br>१३. टु. डि. र थ्री.डि. डिस्प्ले बोर्ड<br>१४. ट्राइ भिजन बोर्ड<br>१५. स्कोलर बोर्ड<br>१६. चलचित्र बोर्ड<br>१७. अन्य | वर्गफुट, प्रयोग हुने दिन, राखिने स्थान, विज्ञापनको प्रकृति | |
| २. | स्काइ साइन विज्ञापन<br>१. चङ्गा<br>२. बेलुन<br>३. प्यारासुट<br>४. अन्य | थान, दिन, पटक, प्रकृति | |
| ३. | सञ्चारमाध्यमबाट हुने विज्ञापन | बिल बमोजिमको रकमको तोकेको प्रतिशत | |
| ४. | ब्यानर (हस्त लिखित वा प्रिन्ट गरिएको)<br>१. रोडक्रस ब्यानर<br>२. ओभरहेड ब्रिजमा राखिने<br>३. सवारी साधनमा राखिने<br>४. गेटमा राखिने ब्यानर | वर्गफुट, दिन, लम्बाई, स्थान, आकृति | |

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | ५. अन्य | | |
| ६. | सवारी साधनद्वारा गरिने विज्ञापन<br>१.मोटरसाइकल, स्कुटर जस्ता दुई पाङ्ग्रे<br>२.अटो रिक्सा, विद्युतीय रिक्सा, टेम्पो<br>३.कार, जीप, डेलिभरी भ्यान, केवुल कार<br>४.बस, ट्रक, ट्रिपर | सार्वजनिक सवारी वा निजी सवारी,<br>ब्यानर वा स्टिकर, अस्थायी वा स्थायी पेन्टिङ, एक साइड वा दुई साइड, सवारीको प्रकृति | |
| ७. | मेला, खेलकुद कार्यक्रम, व्यापार मेला वा सांस्कृतिक प्रदर्शनी अन्य कार्यक्रम | आयोजक वा सञ्चालकबाट एकमुष्ठ वा विज्ञापनको प्रकृति अनुसार वर्ग फुट , अवधि, स्थान | |
| ८. | ट्राफिक आइल्याड | वर्गफुट, स्थान, प्रकृति | |
| ९. | स्टल/स्टेज विज्ञापन | अवधि, विज्ञापनको प्रकृति, वर्गफुट | |

<u>**द्रष्टव्य**</u> : यस अनुसूचीमा उल्लेख नभएका विषय वा क्षेत्रको विज्ञापन प्रकृतिको मापन इकाई गाउँ/नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

अनुसूची-२

(दफा ८ को उपदफा (४) तथा दफा १७ को उपदफा (४) सँग सम्बन्धित)

**(अनुमतिपत्र)**

दर्ता मिति:

अनुमतिपत्र नं.:

.....................जिल्ला....................................नगरपालिकाको वडा नं........ मार्ग..........घर नं......... ठेगाना भएको तपाई श्री........................................................लाई ............................नगरपालिकाको वडा नं........टोल............................मार्ग.........................मा अवस्थित श्री..................................को भवन/जग्गामा................वस्तु/सेवाको विज्ञापन गर्न देहायको शर्त पालना गर्ने गरी ......... पालिकाको विज्ञापन (व्यवस्थापन तथा नियमन) ऐन, २०.... को दफा ८ को उपदफा (४)/ दफा १७ को उपदफा (४) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

जारी गर्ने अधिकृतको,-

हस्ताक्षर:

नाम:

पद:

**शर्तहरु:**

१. विज्ञापन/होर्डिङ्ग बोर्डको आकारः लम्बाई........चौडाई......... उचाई...........को हुनेछ।
२. अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले ........पालिकाको विज्ञापन (व्यवस्थापन तथा नियमन) ऐन, २०८... मा उल्लिखित मापदण्ड भित्र रहेर मात्र विज्ञापन गर्न/राख्न पाउनेछ।
३. विज्ञापन अनुमतिपत्रको अवधिः ........................ देखि ................... सम्म हुनेछ।
४. स्वीकृत विज्ञापन बाहेक फरक विज्ञापन राख्नु परेमा वा स्थान परिवर्तन गर्नु परेमा अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले ........पालिकाको विज्ञापन (व्यवस्थापन तथा नियमन) ऐन, २०८... को दफा २२ बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।
५. अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले ........पालिकाको विज्ञापन (व्यवस्थापन तथा नियमन), ऐन २०८... को उल्लङ्घन गरेमा कार्यपालिकाले विज्ञापन हटाउन लिखित निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशनको पालना गर्नु अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाको कर्तव्य हुनेछ।
६. विज्ञापन/होर्डिङ्ग बोर्ड प्राविधिक दृष्टिले समेत सुरक्षित ढङ्गले निर्माण तथा राख्ने प्रबन्ध गर्नु पर्नेछ।
७. विज्ञापन/होर्डिङ्ग बोर्डको कारणबाट हुने हानि नोक्सानीको पूर्ण जिम्मेवारी विज्ञापनदाताको हुनेछ।
८. स्वीकृति प्राप्त गरी विज्ञापन राखिसकेपछि विज्ञापन करको दरमा हेरफेर भएमा सोही अनुसार कर बुझाउनु पर्नेछ।
९. अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले होर्डिङ्ग बोर्डको दर्ता नम्बर बोर्डमै देखिने गरी माथिल्लो भागमा राख्नु पर्नेछ।
१०. विज्ञापन/होर्डिङ्ग बोर्ड राख्न अनुमति प्राप्त व्यक्तिले अर्को बर्ष पनि राख्न चाहेमा आर्थिक वर्ष शुरु भएको मितिले पैंतिस दिनभित्र नवीकरण गरिसक्नु पर्नेछ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

## अनुसूची-३

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**सवारी साधनमा राखिने विज्ञापन गर्न अनुमति माग गर्ने सम्बन्धी निवेदनको ढाँचा**

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
.....................नगर पालिका,
नगर कार्यपालिकाको कार्यालय।

विषय: सवारी साधनमा विज्ञापन राख्ने अनुमतिपत्र पाऊँ।

.............जिल्ला,.................नगरपालिका वडा नं. ...... स्थायी बसोबास भएका श्री .......................................... को नाममा दर्ता रहेको सवारी साधन नं. ........................... मा ..................... विषय/कम्पनीको विज्ञापन प्रचारप्रसारको लागि देहायका कागजातहरू संलग्न गरी यो निवेदन पेस गरेको छु। सवारी साधनमा विज्ञापन राख्न अनुमतिपत्र पाऊँ।

**विवरण:**

(क) सवारी साधन दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) सवारी साधनको प्रकार: बस/ट्रक/जीप/कार,

(ग) कम्पनी वा यातायात समितिको सवारी साधन भए कम्पनी वा समिति दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) सवारी साधनको नवीकरण गरिएको सवारी दर्ता किताब (ब्लु बुक) को प्रतिलिपि,

(ङ) सवारी साधनको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(च) सवारी धनी/कम्पनी/समितिसँग गरिएको सम्झौतापत्रको प्रतिलिपि,

(छ) विज्ञापन गर्ने अवधि: ......................... देखि ................... सम्म,

(ज) विज्ञापनको विषय/कम्पनी/संस्थाको नाम:...........................,

(झ) विज्ञापनको आकार वा प्रकार खुल्ने स्केच, ड्रईङ्ग वा डिजाईन,

(ञ) विज्ञापन एजेन्सीमार्फत विज्ञापन गर्दा उक्त एजेन्सी बोर्डमा सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि,

(ट) विज्ञापनदाता आफैंले विज्ञापन गर्ने भए कानून बमोजिम दर्ता भई नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,

उपर्युक्त व्यहोरा ठिक साँचो छ। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

भवदीय,
नाम, थर:
पद:
संस्थाको नाम/ठेगाना:

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख
२०८३

## अनुसूची-४

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**<u>सवारी साधनमा विज्ञापन राख्ने अनुमतिपत्रको ढाँचा</u>**

.............नगरपालिका

................ नगरकार्यपालिकाको कार्यालय।

श्री ....................................

......................................।

विषयः सवारी साधनमा विज्ञापन राख्ने अनुमतिपत्र।

दर्ता मितिः.................

प्रमाण पत्र नं.........

...............................जिल्ला..................नगरपालिका वडा नं......... स्थायी बसोबास भएका श्री ......................................को नाममा दर्ता रहेको सवारी साधन नं. ......................... मा ........पालिकाको विज्ञापन (व्यवस्थापन तथा नियमन) ऐन, २०८... दफा ९ को उपदफा (२) बमोजिम देहायका शर्त र समय समयमा नगरपालिकाबाट जारी गरिने आदेश, निर्देशन र सूचनाको पालना गर्ने गरी सवारी साधनमा विज्ञापन राख्न अनुमति प्रदान गरिएको छ।

**विज्ञापनको विवरण :**

१. विज्ञापन रहने सवारी साधन धनी वा कम्पनीको नाम :- ............................

२. सवारी साधनको नम्बर :- ..................................................

३. सवारी साधनमा विज्ञापन रहने स्थानः ....................................

४. विज्ञापनको विषय/कम्पनी/संस्थाको नामः.................................

५. विज्ञापनको आकार, प्रकार र बनौट :- ....................................

६. विज्ञापन एजेन्सीको नाम, ठेगानाः-.........................................

७. विज्ञापन रहने अवधि....................देखि.............................सम्म

८. विज्ञापन वा सवारी साधनको स्वामित्व परिवर्तन भएमा नामसारी भई हाल साविक हुनेको विवरणः-

| क्र.सं. | साविकवालाको नाम थर, ठेगाना/साविकको विज्ञापन | हालवालाको नाम, थर, ठेगाना/साविकको विज्ञापन | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |

विज्ञापन स्वामित्व भएको संस्थागत/व्यक्तिको,-

हस्ताक्षरः

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

नगर प्रमुख

अनुमतिपत्र जारी गर्ने अधिकृतको,-

नाम,थरः

पदः

हस्ताक्षरः

मितिः

**शर्तहरुः**

१. विज्ञापनदाता/विज्ञापन एजेन्सी/सवारी धनीले प्रत्येक आर्थिक वर्ष समाप्त हुनु अगावै आगामी आर्थिक वर्षको लागि नवीकरण गर्नु पर्नेछ।
२. नवीकरण गर्दा विज्ञापन कर तथा अन्य शुल्क चुक्ता गर्नु पर्नेछ।
३. विज्ञापनको विषय/विज्ञापनदाता एवं सवारी साधनको स्थान परिवर्तन गर्नुपरेमा कार्यपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ।
४. विज्ञापन हटाउनु परेमा लाग्ने कर दस्तुर तिरी स्थानीय तहबाट पूर्व स्वीकृति लिई हटाउन सकिनेछ।
५. सवारी साधनमा विज्ञापन राख्ने अवधि पूरा भएपछि सवारी धनी वा कम्पनीले त्यस्तो सवारी साधनमा विज्ञापन हटाई पुरानै अवस्थामा ल्याउनु पर्नेछ।
६. पुरानै अवस्थामा ल्याएको सवारी साधनमा भएको विज्ञापन हटाएको प्रमाणपत्र कार्यपालिकाबाट लिनु पर्नेछ।
७. बुँदा नं. ६ बमोजिम प्रमाणपत्र नलिने सवारी साधनले प्रमाणपत्र नलिएको अवधिसम्मको कर तिर्नु पर्नेछ।
८. सङ्घीय ऐन वा सो अन्तर्गत बनेको नियमावली, मापदण्ड वा आचारसंहिता र यो ऐन वा यस अन्तर्गत बनेको नियमावली प्रतिकूल हुने गरी कुनै काम गरेको पाइएमा जुनसुकै बखत सो अनुमतिपत्र रद्द हुन सक्नेछ।

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

नगर प्रमुख

## अनुसूची-५

(दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

.......... नगरपालिका,

कार्यपालिकाको कार्यालय

राजस्व विभाग/महाशाखा/शाखा

## होर्डिङ्ग बोर्ड दर्ता किताब

होर्डिङ्ग बोर्ड दर्ता नं. (वडा/द.नं./साल)..................

१. होर्डिङ्ग बोर्ड रहने घर तथा जग्गा धनीको नामः-

२. होर्डिङ्ग बोर्ड रहने स्थानः- .........वडा.......घर नं.........टोल, मार्ग/...................

३. सार्वजनिक/ पर्ति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्ध निकायको नामः-

४. होर्डिङ्ग बोर्डको आकार, प्रकार र बनौटः-

(क) आकारः-............लम्बाई..........चौडाई.........वर्गफिट

(ख) होर्डिङ्ग बोर्डको प्रकारः- .............................

(ग) बनौटः-

(घ) होर्डिङ्ग बोर्ड रहने अवधिः ........................ देखि .................... सम्म

५. होर्डिङ्ग बोर्डको स्वामित्वकर्ताको नाम,थर र ठेगानाः-

६. होर्डिङ्ग बोर्डको स्वामित्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरणः-

| क्र.सं. | साविकवालाको नाम, थर र ठेगाना | हालवालाको नाम, थर र ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

७. दर्ता नवीकरणको अद्यावधिक तालिका

| नवीकरण मिति | विज्ञापन विवरण | विज्ञापन सम्बद्ध व्यक्ति/कम्पनी/फर्म/एजेन्सीको नाम | कर असुल भएको अवधि | कर असुली रकम | दर्ता नं. | अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नगर प्रमुख

**अनुसूची-६**
(दफा १७ को उपदफा (२) सँग सम्बन्धित)
............नगरपालिका
कार्यपालिकाको कार्यालय
राजस्व विभाग/महाशाखा/शाखा

**<u>होर्डिङ्ग बोर्ड दर्ता प्रमाण-पत्र</u>**

**अघिल्लो पृष्ठ**

दर्ता मितिः.......

प्रमाणपत्र नं.................

.....................जिल्ला,.......................गाउँ/नगरपालिका वडा नं.........मार्ग..........घर नं.........बस्ने श्री ................लाई ..........पालिकाको विज्ञापन (व्यवस्थापन तथा नियमन) ऐन, २०८... को दफा १७ को उपदफा (२) बमोजिम समय समयमा यस ............गाउँ/नगरपालिकाबाट जारी गरिने आदेश, निर्देशन, सूचनाको पालना गर्ने गरी निम्नानुसारको होर्डिङ्ग बोर्ड राख्न यो प्रमाण-पत्र दिइएको छ।

**<u>होर्डिङ्ग बोर्डको विवरणः</u>**

१. होर्डिङ्ग बोर्ड रहने घर तथा जग्गा धनीको नामः

२. होर्डिङ्ग बोर्ड रहने स्थानः........वडा........घर नं.......मार्ग/पथ/सडक............

३. सार्वजनिक/पर्ति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्ध निकायको नामः

४. होर्डिङ्ग बोर्डको आकार, प्रकार र बनोटः

क) आकारः...........लम्बाई..........चौडाई.........वर्गफिट

ख) होर्डिङ्ग बोर्डको प्रकारः

ग) बनोटः

घ) होर्डिङ्ग बोर्ड रहने अवधिः ....................... देखि ................... सम्म

५. होर्डिङ्ग बोर्ड राख्ने व्यक्ति/संस्था/एजेन्सीको नाम थरः

६. होर्डिङ्ग बोर्ड राख्ने व्यक्ति वा अधिकार प्राप्त व्यक्तिको ठेगानाः

७. होर्डिङ्ग बोर्डको स्वामित्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरणः-

| क्र.सं. | साविकवालाको नाम,थर र ठेगाना | हालवालाको नाम,थर र ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |
| | | | |

................................ ..............................

होर्डिङ्ग बोर्ड स्वामित्वकर्ताको हस्ताक्षर

अधिकृतको हस्ताक्षर

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७९

**शर्तहरु:**

१. होर्डिङ्ग बोर्डको स्वामित्वकर्ताले आर्थिक वर्ष शुरु भएको मितिले पैंतीस दिनभित्र नवीकरण गरिसक्नु पर्नेछ।
२. होर्डिङ्ग बोर्डको स्वामित्व तथा स्थान परिवर्तन गर्नुपरेमा कार्यपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ।
३. ............पालिकाको विज्ञापन (व्यवस्थापन तथा नियमन) ऐन, २०८.... मा उल्लिखित मापदण्ड भित्र रहेर मात्र विज्ञापन गर्न/राख्न पाउनेछ।
४. होर्डिङ्ग बोर्ड प्राविधिक दृष्टिले समेत सुरक्षित ढङ्गले निर्माण तथा राख्ने प्रबन्ध गर्नु पर्नेछ।
५. होर्डिङ्ग बोर्डको कारणबाट हुने हानी नोक्सानीको पूर्ण जिम्मेवार विज्ञापनदाताको हुनेछ।
६. होर्डिङ्ग बोर्डको दर्ता नम्बर बोर्डमै देखिने गरी माथिल्लो भागमा राख्नु पर्नेछ।
७. होर्डिङ्ग बोर्ड हटाउनु परेमा लाग्ने कर दस्तुर तिरी कार्यपालिकाबाट पूर्व स्वीकृति लिई हटाउन सकिनेछ।

**पछिल्लो पृष्ठ**

**होर्डिङ्ग बोर्ड दर्ता नवीकरण तालिका**

| नवीकरण मिति | विज्ञापन विवरण | विज्ञापन सम्बद्ध व्यक्ति/कम्पनी/फर्म/एजेन्सीको नाम | कर असुल भएको अवधि | कर असुली रकम | दर्ता नं. | अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख